# 'बहुला काजीको सपना' नाटकमा प्रगतिशील चेतना

**प्रदीपप्रसाद ज्ञवाली**

उपप्राध्यापक, बुटवल बहुमुखी, क्याम्पस, बुटवल, त्रि.वि.

Email: gyawalipradip98@gmail.com

**DOI:** https://doi.org/10.3126/bdkan.v7i1.47808

**लेखसार**

प्रस्तुत अनुसन्धानात्मक लेखमा विजय मल्लको 'बहुला काजीको सपना' नाटकका विभिन्न प्रगतिशील पक्षहरूको विश्लेषण र मूल्याङ्कन गरेर उक्त नाटकमा रहेको प्रगतिशील चेतनाको निर्क्योल गरिएको छ। यस नाटकमा रहेका प्रगतिशील विचार र चेतनाहरूको निरुपण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यसमा पुस्तकालयीय विधिबाट सङ्कलन गरिएको तथ्याङ्लाई विश्लेषणात्मक एवं वर्णनात्मक पद्धतिको प्रयोग गरी निष्कर्ष निकालिएको छ। राणा कालीन परिस्थितिमा तत्कालीन नेपाली समाजको राजनैतिक र सामाजिक अवस्थासँग नेपाली जनतालाई परिचित गराई राजनैतिक कान्तिको आह्वान गर्ने मुख्य उद्देश्य राखेर यो नाटक लेखिएको हो। यस नाटकमा सामाजिक असमानता, अशिक्षा, आर्थिक अभाव, गरिबहरूमाथिको थिचोमिचो, शोषण, दमन, अन्याय र अत्याचारको चित्रण गर्दै मानवताको शत्रु मानिएको धनी र गरिब वर्गका बिचमा देखापरेको असमानतालाई हटाई मानवतावादी समतामूलक समाजको स्थापनामा जोड दिनुपर्छ भन्ने प्रगतिशील विचार प्रस्तुत गरिएको छ। यहाँ भरियाका रुपमा कष्टकर जीवन बिताइरहेका गरिबहरूको जीवनको कहाली लाग्दो यथार्थलाई प्रस्तुत गर्दै तिनीहरूले इमानदारीका साथ अथक परिश्रम गरे तापनि आत्मसम्मानका साथ बाँच्न नपाएको अवस्थालाई देखाइएको छ । यस नाटकमा मार्क्सवादी सौन्दर्यशास्त्रका रुपमा स्थापित साहित्य सिद्धान्त प्रगतिवादको पूर्ण रुपमा परिपालना भएको देखिन्न तर यथेष्ट मात्रामा प्रगतिशील चेतनाको सिर्जनात्मक प्रयोग भएको पाइन्छ।

*शब्दकुञ्जी:* प्रगतिवाद, प्रगतिशील, मनोविश्लेषणात्मकता, मार्क्सवादी, सौन्दर्यशास्त्र।

## विषयपरिचय

*बहुला काजीको सपना* नाटक नाटककार विजय मल्लद्वारा लेखिएको उत्कृष्ट नाटक हो। उनी मूलतः सामाजिकता र मनोविश्लेषणात्मकतालाई एकसाथ प्रस्तुत गर्ने बौद्धिक नाटककार हुन्। उनमा देशप्रेम, शोषणप्रति विद्रोह, अन्याय, अत्याचार, असमानता, गरिबीप्रति चिन्ता र मानवतावाद जस्ता प्रवृत्तिहरू पाइन्छन्। उनका *कोही किन बर्बाद होस्* (२०१३), *जिउँदो लास* (२०१७) र *बहुला काजीको सपना* (२०२८)नाटक तथा *पत्थरको कथा* (२०२८), *सात एकाङ्की* (२०२८), *दोभान* (२०३४), *भित्तेघडी* (२०४०), *स्मृतिको पर्खालभित्र* (२०४०), *भुलैभुलको यथार्थ* (२०४१), *सृष्टि रोकिँदैन* (२०४८) एकाङ्कीहरू प्रकाशित छन्।

यो नाटक वि.सं.२००४ सालमा लेखिएको र अरु सात ओटा एकाङ्कीसहित सङ्ग्रहका रुपमा वि. सं. २०२८ सालमा प्रकाशित भएको हो। यस नाटकको वि. सं. २००५ सालमा कृष्णप्रसाद रिमालको निर्देशनमा शान्तिकुञ्ज विद्यालयको वार्षिकोत्सवका अवसरमा त्यस विद्यालयको प्राङ्गणमा त्यहीँका शिक्षक र विद्यार्थीहरूद्वारा अभिनय गरेर प्रदर्शन गरिएको थियो। तत्कालीन समयमा नेपालमा निरङ्कुश राणा शासकको बिगबिगी थियो। नेपाली जनताहरू आफ्ना मौलिक हक अधिकारहरूबाटसमेत वञ्चित थिए। पढ्ने, लेख्ने र निर्बाध रुपमा बोल्ने स्वतन्त्रता थिएन। त्यस बखत समाजमा धनी र गरिबका बीच ठुलो खाडल थियो। त्यस्तो विषम परिस्थितिमा तत्कालीन नेपाली समाजको राजनैतिक र सामाजिक अवस्थासँग नेपाली जनतालाई परिचित गराई राजनैतिक कान्तिको आह्वान गर्ने मुख्य उद्देश्य राखेर यो नाटक लेखिएको र मञ्चनसमेत गरिएको देखिन्छ। यस नाटकको विभिन्न कोणबाट अध्ययन र विश्लेषण गर्न सकिन्छ तर हालसम्म प्रगतिशील चेतनामा केन्द्रित रहेर अध्ययन नभएको हुनाले यो आलेख विवेच्य नाटकमा के कस्ता प्रगतिशील चेतना र विचारहरू पाइन्छन् भन्ने कुरामा सीमित रहनुका साथै यसमा रहेका प्रगतिशील विचार र चेतनाहरूको निरुपण गर्ने मुख्य उद्देश्यमा केन्द्रित छ। अत : प्रस्तुत लेखमा प्रगतिवादी विचार एवं प्रगतिशील मान्यतालाई मूलभूत सैद्धान्तिक आधार बनाएर 'बहुला काजीको सपना' नाटकको विश्लेषणबाट उपयुक्त निष्कर्ष निकालिएको छ।

## अध्ययनविधि

प्रस्तुत शीर्षकको अध्ययनको सन्दर्भमा आवश्यक सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय विधिका माध्ययमबाट प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका निम्ति व्याख्यात्मक तथा वर्णनात्मक पद्धति अवलम्बन गरिएको छ ।

### साहित्यमा प्रगतिवाद र प्रगतिशीलता

प्रगतिवाद नाम पद हो यसको शाब्दिक अर्थ साहित्यलाई समाजको उपज मान्दै सामाजिक यथार्थको अभिव्यक्तिमा जोड दिने, वैयक्तिक आनन्दलाई भन्दा समाजको भौतिक विकासलाई बढी महत्व दिने, मार्क्सवादबाट प्रभावित साहित्य सिद्धान्त हो भने प्रगतिशील विशेषण पद हो यसको शाब्दिक अर्थ समाजको उत्तरउत्तर विकासमा विश्वास गर्ने, मार्क्सवादी सिद्धान्तअनुसार सामाजिक प्रगतिमा विश्वास गर्ने भन्ने बुझिन्छ । प्रगतिवादी र प्रगतिशील यी दुई शब्द सामान्यतया समानार्थक मानिन्छन् तर यी दुई शब्दको बेग्लाबेग्लै अर्थमा पनि प्रयोग गर्ने चलन छ । वर्तमान साहित्यमा प्रचलित प्रगतिवादको आधारभूमि मार्क्सवाद हो । सामाजिक यथार्थवादकै विकसित र नवीन मान्यता समाजवादी यथार्थवाद रहेको र समाजवादी यथार्थवादको पर्यायवाची शब्दका रुपमा प्रगतिवादलाई लिने गरिन्छ । प्रगतिवाद मार्क्सवादी जीवनदृष्टिबाट निर्देशित भएको र द्वन्द्वात्मक तथा ऐतिहासिक भौतिकवादको साहित्यिक आरोपणका रुपमा चिनिएको साहित्य सिद्धान्त हो । यो यथार्थ विरोधी साहित्य सिद्धान्त नभएर यथार्थलाई क्रान्तिकारी दृष्टिकाणका रुपमा हेर्ने साहित्य सिद्धान्त हो । सामाजिक यथार्थवादमा मार्क्सवादी दर्शनको सन्निवेशबाट समाजवादी यथार्थवादको अभ्युदय भएको हो । प्रगतिवादको मूल जरो खोज्दै जाँदा हामी जर्मनीका कार्ल मार्क्ससम्म पुग्नुपर्ने हुन्छ । मार्क्सवाद द्वन्द्वात्मक भौतिकवादी दर्शनमा आधारित देखिन्छ । यसमा अविनाशी शाश्वत ईश्वर परब्रह्म, आत्मा वा चेतना तत्व सृष्टिको सुरुदेखि या कर्ताको रूपमा त्योभन्दा पनि अघिदेखि विद्यमान रहिआएको छ भन्ने काल्पनिक कुरालाई मान्यता दिइँदैन (पोखरेल, २०५९, पृ. ७३) ।  मार्क्सवादी दर्शनमा रहेको द्वन्द्वात्मक भौतिकवाद राजनीतिका क्षेत्रमा साम्यवाद र कला साहित्यको क्षेत्रमा प्रगतिवादका नामले चिनिएको छ । यथार्थवादी साहित्य सिद्धान्तका फाँटमा मार्क्सवादी दर्शनको बिजारोपण भएपछि काव्य सिद्धान्तमा यसलाई प्रगतिवाद भनिएको हो । यसको उत्पत्तिको श्रोत वा आरम्भ विन्दु खोज्दै जाँदा प्राचीन कालसम्म पुगिने भए पनि सन् १९३५ मा फ्रान्सको पेरिसमा प्रगतिशील लेखक सङ्घको स्थापना भएपछि यसले अन्तराष्ट्रिय अभियानको रुप लिएको पाइन्छ ।

मार्क्सवादी सिद्धान्तका संस्थापक कार्ल मार्क्सले साहित्य र कलाका बारेमा छुट्टै दृष्टिकोण प्रस्तुत नगरेको भए पनि उनका विचारहरूले साहित्य र कलाको क्षेत्रमा महत्वपूर्ण प्रभाव पारेको पाइन्छ । कला साहित्यका क्षेत्रमा अत्यन्त लोकप्रिय, वैज्ञानिक र सशक्त वादका रुपमा चर्चित प्रगतिवादले विश्व चर्चित मार्क्स, एङ्गेल्स, लेलिन, स्टालिन र माआत्सेतुङ्ग जस्ता साम्यवादी नेताका दार्शनिक धारणाले आफूलाई सशक्त र खँदिलो बनाएको छ । साहित्यमा प्रगतिवादको जन्म जर्मन नाट्य साहित्यबाट भएको भए पनि यसले त्यहाँ पूर्ण विकसित हुने र फस्टाउने अवसर पाएन बरु रुसी लेखक म्याक्सिम गोर्कीको साहित्य सिर्जनाले निकै फैलिने र झाङ्गिने अवसर प्राप्त गऱ्यो त्यसैले समाजवादी  देश रुसलाई प्रगतिवादको केन्द्रीय स्थल मानिन्छ । जर्मनबाट अभ्युदय भएको प्रगतिवाद रुसमा विकसित भई विभिन्न युरोपेली मुलुकहरूको भ्रमण गर्दै यसियाली मुलुकहरूमा भित्रिएको हो । विश्वका जुन जुन मुलुकमा कम्युनिस्टहरूको शासन रह्यो त्यहाँको साहित्यमा प्रगतिवादले आफ्नो वर्चस्व कायम गर्न सफल भयो । त्यसकारण प्रगतिवाद मार्क्सवादी वैचारिकतामा आधारित एउटा सुनिश्चित लक्ष्य बोकेको साहित्य सिद्धान्त हो भन्न सकिन्छ (आचार्य, २०६७, पृ. २०८) । यसरी जर्मन नाट्य साहित्यबाट प्रारम्भ भएर विभिन्न मोडहरू पार गर्दै यस मान्यताले विश्वका विभिन्न देशहरूका साहित्यमा आफ्नो प्रभुत्व जमाउँदै गएको पाइन्छ ।

प्रगतिवाद मार्क्सवादी सौन्दर्यशास्त्रको रुपमा स्थापित साहित्य सिद्धान्त हो । मार्क्सवादले सर्वहारा वर्गको क्रान्तिकारी चेतनालाई नै वर्ग चेतनाका रुपमा संश्लेषण गरेको छ (भट्टराई, २०७८, पृ. ९४) ।   प्रगतिवाद मार्क्सवादमा आधारित हुनाले नितान्त स्थूल र भौतिकी छ । भौतिकवादले अनुमान र कल्पनामा नभई प्रत्यक्ष प्रमाणमा विश्वास गर्छ । बुद्धिद्वारा सिद्ध नहुने वस्तुको अस्थित्व यसलाई मान्य छैन त्यसैले काल्पनिक साहित्य प्रगतिवादलाई मान्य छैन । ईश्वर, धर्म, स्वर्ग, नरक तथा परलोक आदिमा यसको कुनै आस्था छैन । त्यसो हुनाले

प्रगतिवादी साहित्यकारको दृष्टि नितान्त बहिर्मुखी बन्नु स्वाभाविकै हो । यस वादले जनताको संघर्षमा प्रेरणा प्रदान गर्नु पर्दछ । भौतिक शक्तिहरूले मानवलाई बदल्न सक्छन् । मानवले पनि भौतिक शक्तिमा परिवर्तन ल्याउन सक्छ । सम्पूर्ण समाज आवश्यकताद्वारा परिचालित छ । त्यो आवश्यकता मुख्य रुपमा आर्थिक आवश्यकता हो भन्ने जस्ता मार्क्सवादका स्थापनाहरूलाई कला साहित्यको क्षेत्रमा समाजवादी यथार्थवादले पूर्णतः आत्मसात् गरेको पाइन्छ ।

यथार्थवादी साहित्य चिन्तनको धर्तीमा मार्क्सवादी दर्शनको विजारोपणबाट उम्रिएको काव्य सिद्धान्त प्रगतिवादका निश्चित मूल्य र मान्यताहरू रहेका छन् । मार्क्सवादले कलालाई अधिरचनाका रुपमा व्याख्या गर्छ र अधिरचना रुपी कला सम्बन्धित समाजको आधारको विचारधारात्मक प्रतिबिम्बनका रुपमा अस्तित्ववान् हुन्छ भन्ने मान्यता राख्छ (पाण्डेय, २०७३, पृ. १५६) राष्ट्रिय स्वाधिनता, जनतन्त्रको स्थापना, सामन्ती साम्राज्यवादी संस्कृतिको उन्मुलन, स्थायी शान्तिको अपेक्षा वर्गबिहीन समाजवादी समाजको स्थापनाका लागि प्रेरित गर्नु, जाति, धर्म, सम्प्रदाय, वर्ग, वर्ण, वंश आदिका आधारमा अडेको उँचनिचताको विरोधी, दीनदुःखी र गरिबहरुको पक्ष अँगाल्ने , सामन्तवादी पूँजीवादी व्यवस्थाका असङ्गतिहरूको भण्डाफोर गर्ने, समानता बन्धुत्व तथा मानवतावादी भावनालाई जगाउने, जमिनदार पूँजीपति प्रभृति शोषक वर्गका विरुद्ध जनमत तयार पार्ने, ईश्वर, धर्म आदि अवैज्ञानिक धारणाहरूको विरोधी, साहित्यलाई सापेक्ष कलाको रुपमा अंगिकार गरी विश्लेषण गर्ने प्रभावकारी दृष्टिकोण, शान्तिका निम्ति क्रान्ति, निर्माणका निम्ति संघर्षको मान्यता राख्नु तथा विज्ञानका समर्थक, साहित्य कलाका क्षेत्रमा यथार्थवादका अनुगामी एवं शैलीलाई भन्दा विषयवस्तुलाई बढी महत्व दिने साहित्य नै प्रगतिवादी साहित्य र तद्गत धारणा नै प्रगतिवादका मूलभूत मान्यताहरू हुन् ।

प्रगतिशील शब्दलाई प्रगतिवादी शब्दको समानार्थक शब्दको रुपमा मान्ने गरेको भए तापनि यी दुई शब्दलाई भिन्ना भिन्नै अर्थमा प्रयोग गर्ने चलन पनि छ । जसले सङ्घर्षको आधारमा नै विकास सम्भव छ भन्दछ र जसले मार्क्सद्वारा प्रतिपादित माथि चर्चित र द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र सर्वहारा वर्गको एकाधिपत्यलाई साम्यवादको प्रथम सोपान स्वीकार्दछ त्यहीं नै प्रगतिवादी हो भने प्रगतिशीलले चाहिँ उक्त प्रकारको पूर्णतः प्रगतिवादी नभए पनि जातिवाद, वर्गवाद, अन्याय, अत्याचार र शोषण प्रभृत्तिका विरोधीलाई मात्र पनि बुझाउने गर्दछ । यस्ता प्रगतिशीलहरूमा ईश्वरवादी धर्मवादीहरू पनि हुन सक्दछन् र वैज्ञानिक दृष्टि अँगाल्नेहरू पनि, परन्तु प्रायः प्रगतिशील कवि लेखकहरू साम्यवादीहरूका विचारधारा तथा कार्यक्रमसँग पूर्णतया सहमत हुँदैनन् र खास गरेर यिनीहरू सशस्त्र क्रान्ति तथा निरङ्कुश शासन व्यवस्थाको विरोध गर्दछन् । यसो गर्दागर्दै पनि यिनीहरू पूँजीवादी प्रवृत्तिहरूको विरोधमा प्रगतिवादीहरूकै पक्ष लिन्छन् र प्रगतिवादीहरूउपर नै अशेष सहानुभूति राख्छन् (जोशी, २०५७, पृ. ६३) । त्यसकारण यी दुई शब्दहरू एकअर्कामा अन्तर्सम्बन्धित देखिन्छन् ।

यसरी प्रगतिवादी र प्रगतिशील शब्दमा केही समानता तथा केही भिन्नता भएकाले प्रगतिवादी साहित्य र प्रगतिशील साहित्यमा पनि केही समानता तथा केही देखिन्छ । जुन साहित्यमा सङ्घर्षको आधारमा नै विकास संभव छ र मार्क्सद्वारा प्रतिपादित माथि चर्चित र द्वन्द्वात्मक भौतिकवाद, ऐतिहासिक भौतिकवाद र सर्वहारा वर्गको एकाधिपत्यलाई साम्यवादको प्रथम सोपान स्वीकार गरी त्यसको यथार्थ रुपमा चित्रण गरिएको हुन्छ त्यो नै प्रगतिवादी साहित्य हो भने उक्त प्रकारको पूर्णतः प्रगतिवादी विचार नभए पनि समाजमा व्याप्त सामन्ती चिन्तन, जातिवाद, वर्गवाद, अन्याय, अत्याचार र शोषण प्रभृत्तिको विरोध वा असहमती व्यक्त गरेर लेखिएको साहित्यलाई चाहिँ प्रगतिशील साहित्य मान्न सकिन्छ । अतः यस अध्ययनमा प्रगतिवादी भावभूमिमा स्थापित प्रगतिशील चेतनाको सैद्धान्तिक आधारमा विवेच्य नाटकको विश्लेषण गरिएको छ ।

**प्रगतिशील चेतनाको आधारमा 'बहुला काजीको सपना' नाटकको विश्लेषण**

**कथावस्तु**

***बहुला काजीको सपना*** पाँच अङ्कमा रचिएको पूर्णाङ्की नाटक हो । यस नाटकमा सामाजिक विषयवस्तुलाई समेटिएको छ । यसमा गरिबी, उत्पीडन, आर्थिक असमानता र सामन्ती शोषणको सजीव चित्र उतारिएको छ । यसको कथानकलाई पनि जम्मा पाँच अङ्कमा प्रस्तुत गरिएको छ । नाटकको पहिलो अङ्कमा आर्थिक अभावका कारणले छिडीमा बसोबास गर्ने माने र भक्ते दुई जना भरिया मध्ये भक्तेको छोरो वीरेले गुन्डाहरूको पछाडि लागेर

माग्दै हिँडेको थाहा पाएपछि रिसाएको भक्तेले आफ्नो छोरो वीरेलाई भकुर्न थाल्छ अनि त्यहाँ मानेको प्रवेश हुन्छ । माने भक्तेले वीरेलाई पिटिरहेको हेर्न सक्दैन त्यसैले भक्तेलाई सम्झाइ बुझाइ गर्न थाल्छ । यसै क्रममा त्यहाँ बहुला काजीको प्रवेश हुन्छ । उसले भक्ते रमानेलाई सम्झाउँदै चार सत्यलाई मनन गर्न आग्रह गर्छ । बहुला काजी गरिब, दुःखी र असहायको सेवा गर्ने समाजसेवी पात्र हो । उसले वीरेलाई आफ्नो सपना अनुसार संसार बदल्न सक्ने एउटा होनहार व्यक्ति भएको हुनाले उसलाई पढाउन पर्ने सल्लाह दिएको कुरा प्रस्तुत गरिएको छ ।

दोस्रो अङ्कमा काजीको सल्लाह अनुसार वीरेलाई पाठशालामा भर्ना गरिन्छ । कक्षामा उसका धनी भनाउँदा भरत, विक्रम, हरिजस्ता उद्दण्ड साथीहरूले उसलाई फोहरी झुत्रे भन्दै दुर्व्यवहार गर्छन् । शिक्षकले कक्षामा आई ती उद्दण्ड छात्रहरूलाई सम्झाउँने क्रममा त्यस कक्षाको छात्र हरिले जुरुक्क उठेर त्यस्तो फोहरी माग्ने जस्तो ठसठसी गनाउनेसित टाँसिएर पढ्न हामीलाई मन छैन भन्दा शिक्षकले उनीहरूलाई शिक्षाको महत्व दर्शाउँदै मानिसले मानिससँग गर्ने व्यवहार राम्रो हुनुपर्ने कुरा बताएपछि वीरे बल्ल कक्षामा बसेर पढ्न सहमत भएको प्रसङ्ग उल्लेख गरिएको छ ।

तेस्रो अङ्कमा भक्तेले आफूले आधा पेट खाएर भए पनि वीरेलाई पढाउँदै जान्छ । वीरे पनि राम्रोसँग पढ्दै जान्छ । एक दिन भक्ते छोराको पढाइका बारेमा सोधपुछ गर्न पाठशालामा गएको र वीरेको पढाइ असाध्यै राम्रो रहेको कुरा शिक्षकबाट सुन्दा निकै प्रफुल्लित हुन्छ तर सोही बेला त्यहाँ धनमान साहूले भरियाको छोराले भारी नबोकेर पढेपछि भारी कसले बोक्छ भनेर भक्तेको उपहास गर्छ । त्यहीँ सेकेन्ड पण्डितले नपढ्ने विद्यार्थीका अगाडि वीरेले झैँ पढेर प्रगति गर्नुपर्छ भन्दै उसको प्रसंशा गर्छन् । उता वीरे पढाइमा मात्र होइन गोर्कीले जस्तै साहित्य सिर्जना गर्न थाल्छ । अमेरिका, फ्रान्स जस्ता देशमा भएका क्रान्तिलेसमेत कागजमा मात्र परिवर्तन गरेको र जनताको जीवनस्तरमा खासै परिवर्तन गर्न नसकेको कुराप्रति चिन्ता व्यक्त गर्दै समाज परिवर्तन गर्न यसको जरादेखि नै परिवर्तनको प्रयास थालिनु पर्ने कुरा र समाज परिवर्तनका लागि अर्को क्रान्तिको आवश्यता महसुस गरेको कुरा व्यक्त गरिएको छ ।

चौथो अङ्कमा दिन प्रतिदिन प्रगति गर्दै गएको वीरे एक्कासी विरामी पर्छ । पैसाको अभावले राम्रोसँग उपचार हुन सक्दैन । भक्तेले वीरेलाई कुरेर बस्न परेको हुनाले उसको आम्दानीको स्रोत बन्द हुन्छ । केही समय मानेले कमाएर सहयोग गर्छ । वीरे विरामी परेको थाहा पाएर उसका असल साथीहरू बद्री र राम उसलाई भेट्न आउँछन् । आफूले दुःख गरेर किनिदिएको वीरेको एउटा कोट थियो । पैसाको खाँचो टार्न भक्तेले त्यहीँ कोट बेच्न जान लागेको देखेर बद्रीले त्यो कोट बेच्न दिँदैन र आफूसँग भएको पैसा दिएर सहयोग गर्छ । पैसा कै अभावका कारणले समयमा  वीरेको डाक्टरी उपचार हुन सक्दैन । वीरे रोगले चाँपेर झनझन कमजोर बन्दै जान्छ । उसले बहुला काजीले राखेको सपना ढल्न लागेको देखेर चिन्तित हुन थालेको र माने र भक्तेको दयनीय स्थितिले उसलाई झन पिरोल्न थालेको आदि प्रसङ्ग मुखरित भएको छ ।

पाँचौं अङ्कमा वीरेको रोग निको हुँदैन बरु ऊ झनै सिथिल बन्दै जान्छ । उसलाई रोगले चाँप्दै जान्छ र अन्ततः उसको मृत्यु हुन्छ । उसको मृत्यु भएको देखेर माने र भक्ते टाउको समातेर रुन थाल्छन्, विलाप गर्न थाल्छन् । यसै बेला त्यहाँ बहुला काजीको प्रवेश हुन्छ । बहुला काजीले उनीहरूलाई सम्झाउँदै मागेर, चोरेर, खोसेर भए पनि वीरेलाई बचाउँन पर्थ्यो भन्दै अव रोएर, कराएर केही नहुने कुरा व्यक्त गर्छ । गरिबीले नै वीरेको ज्यान लिएको हुनाले उनीहरूले गरिबीलाई सहनु नै महापाप भएको धारणा राख्दै अब आफूले नयाँ बाटो रोज्ने आशय व्यक्त गर्छ । काजीले भक्तेलाई सहानुभूति दिँदै एउटा वीरे मरेर गए पनि उजस्ता अन्य धेरै गरिबका छोराहरू यहाँ छन् । उसले पाउने माया उनीहरूलाई बाँडेर संसार बदल्ने अभियानमा लाग्न आग्रह गर्छ । एउटा वीरे मरेर गए पनि हजारौं वीरहरू जनमाएर गरिबीलाई संसारबाट मिल्काई संसारलाई एक दिन सुखी बनाएरै छाड्ने प्रण गरेको प्रसङ्ग उल्लेख गरिएको छ र यससँगै नाटकको कथानक अन्त्य भएको छ ।

**'बहुला काजीको सपना' नाटकमा प्रगतिशील दृष्टिकोण**

*बहुला काजीको सपना* नाटकको पहिलो अङ्कको प्रारम्भमा देखाइएको दृश्यले नै गरिबीको पराकाष्टालाई सङ्केत गर्छ । यस कुरालाई निम्न लिखित उदाहरणले पुष्टि गर्दछ :

छिडी- दर्शकको बायाँपट्टि ढोका र सामुन्ने सानो आँखीभ्याल । दायाँपट्टि भागमा सानो काठको खटियामाथि राडी र पाखीको एक थुप्रो । आँखीभ्यालको मुनि एउटा काठको बाकससँगै पानीको भाँडा, एउटा दुइटा थाल, ताप्के, तपेस (मल्ल, २०३४, पृ. २) ।

विवेच्य नाटकमा सामाजिक असमानता, अशिक्षा, आर्थिक अभाव , गरिबहरूमाथिको थिचोमिचो, शोषण, दमन, अन्याय र अत्याचारको चित्रण मात्र गरिएको छैन बरु मानवताको शत्रु मानिएको धनी र गरिब वर्गका बिचमा देखापरेको असमानतालाई हटाई मानवतावादी समतामूलक समाजको स्थापनामा जोड दिइएको छ । त्यसका लागि सामाजिक शोषण र गरिबी विरुद्ध लड्नुपर्छ भन्ने क्रान्तिकारी चेतना पनि उराल्न खोजिएको छ । यस नाटकमा व्यक्त भएका क्रान्तिकारी एवं प्रगतिशील प्रसङ्गहरूलाई प्रस्तुत नाटकको पहिलो अङ्कमा मुख्य पात्र बहुला काजीका माध्यमबाट व्यक्त गरिएको पाइन्छ । ती प्रसङ्गहरू निम्नानुसार छन् :

काजी : .... छिँडीलाई भत्काएर यस ठाउँमा स्वर्ग बनाउने । तिमीहरूले बासीभात निस्तै खानपर्ने छैन । जसले पसिना चुहाई काम गर्नेछ, त्यसको पेटमा खुब दुधभात कोचिदिने । काम नगरी खान खोज्नेलाई लोप्पा ख्वाउने । यस्तो स्वर्ग बनाउँछु म बुझ्यौ (मल्ल, २०३४, पृ.६) ?

यो तेरो छोरा हैन देशको छोरा हो यसलाई लायक बनाएर संसारलाई स्वर्ग बनाउने कर्मी बनाउनु पर्छ ।

त्यो तिमीहरूको भोक र क्षुधाको मुक्तिकर्ता, तिमीहरूको गरिबीको नष्टकर्ता त्यो स्वयं सपनाको सृष्टिकर्ता हुनेछ (पूर्ववत्, पृ.७ ) ।

यसरी नाटकको पहिलो अङ्कमा बहुला काजीको प्रवेशपछि काजीले माने र भक्तेलाई चार ओटा सत्य सम्झन आग्रह गर्दै संसारलाई सुखी तुल्याई उनीहरू बस्ने छिँडी भत्काएर त्यो ठाउँमा स्वर्ग बनाउने सपना बुन्छ र त्यो काम भक्तेको छोरो वीरेले गर्न सक्ने कुरा बताउँछ । उपर्युक्त भनाइमा गुन्डाको पछि लागेर माग्दै हिँडेको वीरेलाई पढाएर संसारलाई परिवर्तन गर्ने एउटा सुयोग्य नागरिक बनाउनु पर्छ भन्ने सिर्जनात्मक एवं प्रगतिशील विचार पाइन्छ ।

यहाँ एकातिर गरिबीको चपेटामा परेका माने र भक्ते जस्ता गरिब भरियाहरूको दयनीय अवस्थाको चित्रण गरिएको छ भने अर्कोतिर सामन्ती संस्कार बोकेका वीरेको कक्षामा पढ्ने भरत, विक्रम, हरि जस्ता उद्दण्ड केटाहरूले वीरेमाथि गरेको दुर्व्यवहारलाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । यस कुरालाई यस नाटकको दोस्रो अङ्कमा देखाइएको छ । जस्तै :

भरत : कस्तो रहेछ ? कान समातेर बाहिर घोक्र्या न, यस्तो फोहरी झुत्रेलाई । एउटा कापी ल्याएर थपक्क यहीँ बस्न आउँदो रहेछ । खै छडी ले हरि ठट्टाएर यसलाई .... (धम्काउँछ)

विक्रम : ( हातको छडी दिएर वीरेलाई हेर्दै ) कहाँको माग्ने जस्तो । तिमीहरूलाई त्यहाँ गनाउँदैन ?

हरि : ( वीरेतिर अगाडि बढेर, बाटोमा बद्रीलाई धक्का दिन्छ । दुवै आँखा जुधाउँछन्, बद्री निहुरिन्छ । वीरेको च्यातिएको भोटोको बाहुला झन धरर उधिने गरी तान्छ ) यस्तो झुत्रो बेरेर आउनेले हाम्रो क्लासमा आएर थुचुक्क बस्न पाउने, यो के माग्नेको मण्डली हो ? गालामा प्वाङ्ग एक थप्पड दिन्छु (मल्ल, २०३४, पृ. १०) ।

विश्लेष्य नाटकको उपर्युक्त प्रसङ्गले राणाकालीन नेपाली समाजमा साधारण जनताले पढ्ने र पढाउने हिम्मत नै गर्दैनथे । यदि गरिहाले भने पनि सम्भ्रान्त वर्गका छोराछोरीहरूले वीरेलाई जस्तै पाठशालामा घृणा र दुर्व्यवहार गरेर शिक्षाबाट वञ्चित गर्दथे भन्ने कुरा स्पष्ट गर्दछ । त्यति बेला शिक्षा गरिब जनताको पहुँचभन्दा धेरै टाढा थियो भन्ने कुरा सजिलै बुझ्न सकिन्छ ।

यस नाटकमा सामन्ती शोषकहरूले गरिब जनतालाई कसरी शोषण गर्थे । असहाय गरिबहरूप्रतिको उनीहरूको दृष्टिकोणलाई पनि प्रस्ट्याउन खोजेको देखिन्छ । यो कुरा यस नाटकको तेस्रो अङ्मा प्रस्तुत भक्ते र धनमान साहुबिचको संवादबाट प्रस्ट हुन्छ । जस्तै :

भक्ते : हजूर साहुजी । धनमान साहूजी सलाम !

साहू : यो चोर यहाँ पो रहेछ । पानीले नुन त्याँ छुट्टी पारिसक्यो भन्सारमा, बोक्ने मानिस नपाएर कस्तो हाः हाः ऊ त याँ लौ । के खान बसेको ?

भक्ते : हजुर छोरो याँ पढ्छ ।

साहू : (आश्चर्य मानेर ) अहो तेरो छोरा पनि स्कूल पढ्छ ? तँ छोरालाई पढाउने भइस् हँ ? छोरालाई पढाएर के गर्छस्, कलम समाएर के हुन्छ ? भारी बोक्न जान्दैन क्यारे । तिमीहरूयसरी भारी बोक्न छोडेपछि भारी बोक्ने को नि ? बुझिस् पछुताउनु पर्ला (मल्ल, २०३४, पृ. १५) ।

उपर्युक्त प्रसङ्गबाट के बुझ्न सकिन्छ भने सामन्तहरूले गरिबका छोराछोरीले पढ्न लागेको कुरा सुन्दा आश्चर्य मान्छन् । मानौँ गरिबले पढ्नलेख्न हुँदैन । उनीहरूलाई सधैँ भारी बोकाएर राख्नुपर्छ भन्ने सामन्तवादी चिन्तन यहाँ प्रस्तुत भएको देखिन्छ । जनताको पहुँचभन्दा धेरै टाढा थियो भन्ने कुरा सजिलै बुझ्न सकिन्छ ।

यस नाटकको तेस्रो अङ्कमा बहुला काजीले भने झैँ वीरे पढाइमा पनि प्रथम हुन थाल्छ र विश्वका चर्चित प्रगतिवादी लेखक म्याक्सिम गोर्कीका जस्ता लेखहरू लेख्न थाल्छ अनि उसले फ्रान्स, अमेरिका र भारत जस्ता देशमा भएका क्रान्तिको गहन अध्ययन र विश्लेषण गर्न थाल्छ र कागजमा आएको परिवर्तनले जनताको जीवनस्तरमा परिवर्तन हुन नसक्ने निष्कर्ष निकाल्छ । साथै नबदलिने यस समाजलाई एक धक्का दिएर बदल्नु पर्ने कुरा बताउँछ । यस प्रसङ्गलाई जस्ताको तस्तै निम्न लिखित रुपमा प्रस्तुत गर्न सकिन्छ :

वीरे : ....समाजको दुःखको अन्त कागजमा कोर्दैमा हुँदो रहेनछ, न बोल्दैमा मात्र, यसको लागि त समाजको जरादेखि नै परिवर्तन गर्नुपर्छ ।

बद्री : ....बाँच्नु छ जीवन बिताउनु नै छ, नबदलिने यस समाजलाई एक धक्का दिएर बदलाउनुपर्छ । नत्र यतिका पढेको गुनेको के फाइदा भयो (मल्ल, २०३४, पृ. १६–१७ ) ।

माथि उल्लिखित साक्ष्यबाट पढेलेखेका मानिसहरू सङ्गठित भएर विभिन्न क्रान्तिबाट पनि बदलिन नसकेको हाम्रो समाजलाई फेरि अर्को एक धक्का दिएर परिवर्तन गर्नुपर्छ नत्र मानिसले पढेको कुनै फाइदा छैन भन्ने आशय बुझिन्छ । यस भनाइमा पनि सिर्जनात्मक, क्रान्तिकारी एवं प्रगतिशील चेतना मुखरित भएको पाइन्छ

गरिबमाथि हुने गरेको शोषणको नमुनालाई विश्लेष्य नाटकको चौथो अङ्कमा देखाइएको छ । यस नाटकको प्रमुख पात्र वीरे विरामी परिसकेपछि भक्ते काम गर्न जान नपाएपछि उनीहरूसँग न उपचार गर्ने खर्च हुन्छ न त खाने खर्च हुन्छ । यस्तो जटिल परिस्थितिमा धनमान साहूले भक्तेले काम गरेको ज्याला पनि समयमा नदिएर धर्ना बस्नुपर्ने हुन्छ । त्यसलाई जस्ताको तस्तै प्रस्तुत गर्दा :

भक्ते : के आउँथी ? (सम्झेर) धनमान साहूसित मेरो तीन दिनको ज्याला त्यसै बाँकी छ, भोलि भोलि गर्दा गर्दै खै । धर्ना बसेर ल्याउनु पर्छ त्याँ त । अर्काको पीर मर्का नबुझ्ने (मल्ल, २०३४, पृ. १९) ।

माथिको भनाइबाट सम्भ्रान्त मानिसले गरिबको पीडा बुझ्दैनन् बरु उल्टै उनीहरूको रगत र पसिनाको शोषण गरेर आफू स्वयं किर्ना झैँ मोटाउन चाहन्छन् भन्ने कुरा बुझिन्छ ।

नाटकको पाचौँ अङ्कमा प्रतिभावान् वीरे विरामी परेको र औषधि उपचारको अभावमा उसको मृत्यु भएको प्रसङ्ग छ । उसको मृत्यु मूलतः गरिबीका कारणले भएको छ । वीरेको मृत्युपछि भक्ते र माने रुँदै विलाप गर्न थाल्छन् । त्यहीँ बेला बहुला काजी आएर उनीहरूलाई सम्झाउँदै हामीले गरिबीलाई सहनु नै महापाप थियो । अब रोएर कराएर केही हुनेवाला छैन त्यसैले अब हामी सबै एक जुट भएर गरिबीलाई यस संसारबाट जरैदेखि उखेलेर फाल्नुपर्छ भन्ने भावना व्यक्त भएको छ । उक्त प्रसङ्गलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

काजी : कसैले बिराएको छैन भक्ते । हामीले गरिबीलाई सहनु नै बिराउनु थियो, महापाप थियो । मुक्ति यसबाट मुक्त भएपछि मात्र ।............... अब म नयाँ बाटो बनाउँछु । यस किसिमले भएन । वीरेलाई बनाउँन खोजे त्यसलाई भोकले, अन्यायले, गरिबीले खोसेर लगिहाल्यो, चुडालिहाल्यो- मेरो सपना वीरे !

भक्ते फिक्री नले, म अर्को सपना सिर्जना गर्छु, गरिबीलाई संसारबाट टाढा मिल्काउँछु बुझिस् भक्ते, गरिबीलाई म मिल्काइछाड्छु, पन्छाइछाड्छु । पन्छाउने काममा मान्छे बाधा हुन्छ भने म त्यसको दुश्मन हुन्छु, त्यसैसित लड्छु रोकिन्न । बाधा बुद्धि हुन्छ भने बरु म सिल्ली हुन्छु, मूर्ख हुन्छु पछि हट्दिनँ । गरिबीका समर्थक भएर परमेश्वर खडा हुन्छन् भने पनि बरु म नास्तिक हुन्छु, दब्दिन नरो भक्ते संसारले एकदिन सुखी हुनु छ कसैले रोक्न सक्दैन (मल्ल, २०३४, पृ. २९–३०) ।

विवेच्य नाटकको अन्तिम अंशमा भक्तेको छोरो वीरे अर्थात् भविष्यको एउटा कर्णधारलाई भोकले, अन्यायले, गरिबीले खोसेर लगेको र यो समाजमा वीरे जस्ता गरिबका योग्य सपुतहरू धेरै भएको हुँदा तिनीहरूलाई संगठित गरेर रोग, भोक, गरिबी, अन्याय, अत्याचार र थिचोमिचोका विरुद्ध सशक्त रुपमा क्रान्ति गर्ने तथा त्यसक्रममा जस्तोसुकै बाधा ब्यावधान उत्पन्न भए पनि नरोकिने बरु त्यसलाई पन्छाएर संसारलाई एक दिन सुखी बनाएरै छाड्ने प्रण बहुला काजीले गरेका छन् । यसरी यस नाटकको पहिलो अङ्क र पाचौँ अङ्कको अन्तिममा पनि नाटकको बौद्धिक पात्र बहुला काजीका माध्यमबाट सशक्त क्रान्तिको सङ्खघोष गरिएको हुनाले प्रगतिशील चेतना मात्र होइन अपितु प्रगतिवादी विचारका झिल्कासमेत रहेको देखिन्छ ।

**निष्कर्ष**

विवेच्य नाटकमा सामाजिक यथार्थको पृष्ठभूमिमा गरिबी, सामन्ती शोषण र वर्गीय असमानतालाई मार्मिक ढङ्गले प्रस्तुत गरिएको छ । त्यसको मूल कारण तत्कालीन निरङ्कुश एवं अत्याचारी राणा शासन नै हो । त्यसैले नाटककारले आफ्नो क्रान्तिकारी र प्रगतिशील विचारअनुसार शोषणरहित समतामूलक समाज निर्माण गर्न अर्धसिल्ली पात्र चयन गरी उमार्फत आफ्नो धारणा मुखरित गरेका छन् । यहाँ भरियाका रुपमा कष्टकर जीवन बिताइरहेका गरिबहरूको जीवनको कहाली लाग्दो यथार्थलाई प्रस्तुत गर्दै तिनीहरूले इमानदारीका साथ अथक परिश्रम गरे तापनि आत्मसम्मानका साथ बाँच्न नपाएको अवस्थालाई पनि देखाइएको छ । त्यसैगरी गरिबीका कारण छोराछोरीलाई पढाउन नसक्ने स्थिति र समयमा गरिब मजदुरको पारिश्रमिक नदिने र गरिबका छोराले पढेकोमा उपहास गर्ने सामन्ती प्रवृत्ति आर्थिक अभावका कारणले समयमा उपचार नपाई प्रतिभावान् सपुतहरूले ज्यान गुमाउन बाध्य हुनुपर्ने जस्ता समस्याहरू देखाइएको छ । यसो भए तापनि शोषण र उत्पीडनमा परेका ती पात्रहरूले सामन्ती शोषण र उत्पीडनलाई निरीह भएर सहनुबाहेक केही गर्न सकेका छैनन् । संगठित रूपमा अन्यायका विरुद्धमा लड्ने आँट पनि उनीहरूमा छैन तथापि यस नाटकमा नाटकको उद्देश्यको संवाहकको रुपमा आएको पात्र बहुला काजीले भने ती गरिब भरियाका छोराहरूलाई पढाएर सुयोग्य नागरिक बनाई शोषण र उत्पीडनका विरुद्ध संघर्ष गरी अन्याय, अत्याचार र गरिबीलाई जरैदेखि उखेलेर फाल्ने क्रान्ति गर्न उत्प्रेरित गरेको र त्यस्तो क्रान्तिको नेतृत्व बहुला काजी स्वयंले गर्ने प्रण गरेको पाइन्छ । यसबाट के बुझिन्छ भने यस नाटकमा मार्क्सवादी सौन्दर्यशास्त्रका रुपमा स्थापित साहित्य सिद्धान्त प्रगतिवादको पूर्ण रुपमा परिपालना भएको देखिन्न तर प्रत्यक्ष रुपमा प्रगतिशील विचार र चेतनाको प्रयोग प्रशस्त मात्रामा भएको देखिन्छ भने नाटकका कतिपय प्रसङ्मा प्रगतिवादका झिल्का पनि भेट्न सकिन्छ । अतः यदि प्रगतिशील र प्रगतिवादी यी दुई शब्दलाई समानार्थी शब्दको रुपमा लिने हो भने यस नाटकलाई पूर्णतः प्रगतिवादी वा प्रगतिशील भन्न सकिन्न अपितु यी दुवै शब्दलाई अलग अलग मान्दा यसलाई प्रगतिशील चेतनाको सिर्जनात्मक प्रयोग भएको नाटकका रूपमा लिन सकिन्छ ।

**सन्दर्भ सामग्रीसूची**


आचार्य, कृष्णप्रसाद (२०६७). *साहित्यशास्त्र र नेपाली समालोचना.* काठमाडौँ : क्षितिज प्रकाशन ।

जोशी, कुमारबहादुर (२०५७). *पाश्चात्य साहित्यका प्रमुख वाद.* काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, भानुभक्त (२०५९). *सिद्धान्त र साहित्य.* काठमाडौं : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७८). *साँस्कृतिक अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ* (दोस्रो संस्क.). काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

मल्ल, विजय (२०३४). *बहुला काजीको सपना (दोस्रो संस्क.).* काठमाडौं : साझा प्रकाशन ।